# लकडाउनको अवधिमा मकवानपुरगढी गाउपालिका भित्र रहेका उद्योग, कृषि उपज, निजी आवास सहित विकास निर्माणका कार्य सञ्चालन गर्ने/गराउने सम्बन्धी मार्गदर्शन

२०७७

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकान्चुली, मकवानपुर
३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

# मकवानपुरगढी गाउपालिका, मकवानपुर

## लकडाउनको अवधिमा मकवानपुरगढी गाउपालिका भित्रका उद्योग, कृषि उपज, निजी आवास सहित विकास निर्माणका कार्य सञ्चालन मार्गदर्शन २०७७

## प्रस्तावना:

नोवेल कोरोना भाइरस (कोभिड १९)को महामारीले नेपाल सहीत विश्वलाई आक्रान्त बनाइरहेको छ। नेपाल सरकारले नोवेल कोरोना भाइरसको संक्रमणबाट जोगिन विश्व स्वास्थ्य संगठनले दिएको सल्लाह र छिमेकी देशको अवस्थालाई मध्यनजर गरी मिति २०७६।१२।११ देखि देशभर लकडाउन घोषणा गरी कार्यान्वयन गरेको एक महिना व्यतित भइसकेको छ । विशेषगरी कृषि तथा पशु पालनको क्षेत्रमा अग्रसर रहेको यस गाउपालिकामा नदिजन्य पदार्थमा आधारित उद्योगहरु पनि यस गाउपालिकामा रहेका् छ। यस गाउपालिकामा उत्पादन भएको वस्तु तथा सेवाको उत्पादन भैरहेको,कृषि उपजको पकेट क्षेत्र रहेको र स्थानीय तहदेखि केन्द्रसम्मका विभिन्न योजना तथा आयोजनाहरु मार्फत विकास निर्माणका कार्यहरु भैरहेकोमा हाल सबै प्रकारका कार्यहरु रोकिएका छन् । बढ्दो संक्रमणको जोखिमका कारण लकडाउनको अवधि थप हुन सक्ने अवस्था एकातिर छ भने सामाजिक दूरी सहित मानिसहरुको जमघटबाट जोगिनु त्यत्तिकै आवश्यक छ । लकडाउनबाट लामो समयसम्म कृषि उपजका सामग्रीले बजार नपाउँदा, विकास निर्माणका कार्यहरु स्थगन भइरहदाँ र उद्योग प्रतिष्ठानहरु सञ्चालन नहुदाँ आर्थिक गतिविधि लगभग ठप्प हुने अवस्था छ । यस अवस्थालाई मध्यनजर गरी गाउपालिकाा भित्रका उत्पादन कृषि उपज, नदिजन्य उद्योग कलकारखाना, नदिजन्य पदार्थ उत्खनन कार्य र विभिन्न आयोजनाहरुको निर्माण कार्य गर्ने, गराउने प्रयोजनका लागि निम्न अनुसारको प्रक्रिया अवलम्बन गर्न यो मार्गदर्शन तर्जूमा गरिएको छ ।

### १.कृषिउपज र तरकारी व्यवस्थापन

१.१.बाली लगाउने सिजन भएको सन्दर्भमा मलखादको आवश्यक्तालाई मध्यनजर गरी कृषि सामग्री संस्थानले वडा तहको सिफारिसमा प्रत्येक पालिकामा रहेका कृषि सहकारी संस्थामार्फत कृषकहरुलाई मल खाद वितरण गर्ने व्यवस्था मिलाउने ।

१.२ गाउपालिका भित्र दर्ता भै सञ्चालनमा रहेका वीउ विजनका पसलहरु निश्चित समयमा खोलि विक्रि वितरणको व्यवस्था मिलाउने गाउपाकि भित्र नभएको विउविजनहरु नजिकको वजारहेटौडा वाट वीउवीजन प्राप्त हुने व्यवस्था मिलाइनेछ ।

१.३.गाउपालिकामा उत्पादित कृषि उपजका सामग्रीहरु, तरकारी, दुग्धजन्य पदार्थ र अन्य सामग्रीहरु उपभोक्ता माझ सहज रुपमा प्राप्त हुने व्यवस्था मिलाउन स्थानीय तहको सिफारिसमा स्थानीय उद्योगी, व्यापारी तथा व्यवसायीहरुले जिल्ला प्रशासन कार्यालयको समन्वयमा बजारसम्म वितरणको व्यवस्था मिलाउनेछ ।

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकान्चुली, मकवानपुर
३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

१.४.स्वास्थ्य सुरक्षा सहित भौतिक दूरी कायम राख्दै कृषि उपजका कार्यक्रमहरु, खानेपानिका मिटर रिडिङ्ग र सरसफाईको कार्य सुचारु गर्ने, र सो को समन्वय वडा समिति मार्फत गर्ने गराइनेछ ।

१.५.मानिसको भीड कम गर्न वा व्यक्तिगत दूरीलाई कायम राख्न मुख्य बजार स्थलमा थोक विक्रेताको कार्यमात्र हुने गरी स्थानीय तहका वडा कार्यालयहरुले स्थानीय टोल स्तरमा **तोकेको पसलमा खुद्रा** विक्रि वितरणको व्यवस्था मिलाउनुपनेछ ।

१.७. गाउ पालिका भित्र खपत हुन नसक्ने कृषि उपज र तरकारी हेटौडा वजारमा खपतको लागि आवश्यक समन्वय गर्ने गराउने व्यवस्था मिलाउने त्यसका लागि ढुवानी गर्ने गाडीको पासको व्यवस्था जिल्ला प्रशासन कार्यालय मार्फत गरिनेछ ।

## २. उद्योग प्रतिष्ठान सञ्चालन

२.१. यस गाउपालिका भित्र रहेका नदिजन्य पदार्थ आधारति उद्योगहरु सञ्चालन गर्न मजदुर वा कामदारलाई सकेसम्म आवासीय रुपमा बस्ने व्यवस्था मिलाउनु पर्ने छ यदि आवासीय रुपमा राख्न मिल्ने अवस्था नरहेमा सकेसम्म थोरै मजदुर कर्मचारीबाट (२५ भन्दा कम) मात्र काम गर्ने व्यवस्था मिलाउने र उद्योगलाई कम्तिमा एक भन्दा बढी सिफ्टमा सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्ने ।

२.२.उद्योगका लागि आवश्यक नदिजन्य पदार्थ उत्खननको लागी जिल्ला समन्वय समिति , जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरि कार्यालय संग समन्वय गरि उत्खननको व्यवस्था गर्ने ।

२.३. स्वास्थ्य सुरक्षा मापदण्डलाई अनिवार्य पालना गरी थर्मल गन मार्फत मजदुरको तापक्रम नियमित परीक्षण, मास्कको व्यवस्था र सावुन पानीले हात धुने सहित स्यानिटाइजरको उपयोग अनिवार्य गराउनुपर्नेछ ।

२.४ उद्योगहरुले कार्य सुचारु गर्नु भन्दा पूर्व सम्बन्धित उद्योगमा कार्य गर्ने कामदार मजदुरहरुको सङ्ख्या, व्यक्तिगत विवरण तथा उक्त स्थानमा कति अवधिवाट कार्य गर्दै आएको हो सोको स्पष्ट विवरणहरु सम्बन्धित वडा कार्यालयलाइ उपलव्ध गराउनु पर्नेछ । त्यसको जानकारी वडा कार्यालयमार्फत जिल्ला प्रशासन कार्यालय तथा जिल्ला समन्वय समितिमा जानकारी गराउनु पर्नेछ ।

## ३. विकास निर्माणसंग सम्बन्धित कार्यको व्यवस्थापन

३.१.स्थानीय तह देखि केन्द्रस्तरमा सञ्चालन भएका (सडक, पुल, पुलेसा, खानेपानी, विद्यालय पुननिर्माण, स्वास्थ्य भवन निर्माण) विकास निर्माणको हकमा निर्माण स्थल वरिपरि (निर्माण स्थल रहेको वडा) कामदारहरु उपलव्ध भएको वा निर्माण स्थलको क्याम्पमा मौजुदा कामदारहरुको व्यवस्थापन सम्बन्धित कामको जिम्मा लिएका उपभोक्ता समिति वा निर्माण व्यवसायी स्वयमले गराउनुपर्नेछ । सम्बन्धीत वडाका कामदारहरु उपलव्ध हुन नसकेमा अन्य छिमेकी वडा वा नजिकको स्थानीय तहका कामदारहरुलाई काममा लगाउन सकिनेछ ।

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकान्चुली, मकवानपुर
३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

३.२.सम्बन्धित निर्माण व्यवसायी तथा उपभोक्ता समितिले निर्माण कार्य सुचारु गर्नु भन्दा पूर्व सम्बन्धित आयोजनामा कार्य गर्ने कामदार मजदुरहरुको सङ्ख्या, व्यक्तिगत विवरण तथा उक्त स्थानमा कति अवधिवाट कार्य गर्दै आएको हो सोको स्पष्ट विवरणहरु सम्बन्धित  वडा कार्यालयलाई उपलव्ध गराउनु पर्नेछ । त्यसको जानकारी वडा कार्यालयमार्फत जिल्ला प्रशासन कार्यालय तथा जिल्ला समन्वय समितिमा जानकारी गराउनु पर्नेछ ।

३.३ .निर्माण व्यवसायी वा उपभोक्ता समितिले कामदारहरुको आवश्यक स्वास्थ्य सुरक्षाको निम्ति निर्माण कार्य स्थलमा हातधुने सावुन,पानि,स्यानिटाईजर र मास्क तथा सेफ्टिको सामाग्रीहरुको अनिवार्य व्यवस्था मिलाउनु पर्नेछ । सामाजिक दुरी कायम हुने गरि कामदारहरु परिचालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

३.४.निर्माण व्यवसायीले निर्माण गर्ने ठेक्काका कार्यमा कामदार मजदुरहरु २०७६ चैत्र १ गते भन्दा अगावै देखि गाउँ वा क्याम्पमा वसेको हुनु पर्नेछ र सो को सुनिश्चितता निर्माण व्यवसायीले गर्नु पर्नेछ । लेवर क्याम्पमा वसेका मजदुर कामदारहरुसंग मिसिएर स्थानीय मजदुर कामदारहरुले काम गर्न चाहेमा आयोजनाले स्वास्थ्य जाँचको व्यवस्था मिलाउनु पर्नेछ ।

३.५.विकास निर्माणका कार्यमा सकेसम्म स्थानीय निर्माण सामाग्रीहरु प्रयोग गर्न गराउन प्राथमिकता दिईनु पर्नेछ । स्थानीय निर्माण सामाग्रीवाहेक अन्य निर्माण सामाग्रीहरुको हकमा जिल्लाभित्रको सवै भन्दा नजिकको वजारवाट ल्याउनुपर्ने र  जिल्लामा उपलव्ध हुन नसक्ने निर्माण सामग्रीहरु सकेसम्म नजिकको जिल्लाबाट  जिल्ला प्रशासन कार्यालयबाट सवारी पास लिई ल्याउन सकिनेछ ।

३.६.निर्माण स्थलमा  सामाग्री ढुवानी गर्न सवारी पासको लागि निर्माण व्यवसायी वा समितिले ढुवानी गर्ने सामग्रीको विवरण, सामाग्री ल्याउने स्थान, सवारी साधनको नम्वर, चालक तथा सहयोगीको नामथर लगायतको विवरण खोली अनुमतिको लागि गाउपालिकामा निवेदन दिनु पर्नेछ सो निवेदनको आधारमा गाउपालिकाले जिल्ला प्रसासन कार्यालयलाइ सिफारिस गरिने छ सोही आधारमा जिल्ला प्रशासन कार्यालयले औचित्य हेरी निर्माण सामग्री ढुवानी सवारी पास उपलव्ध गराउनेछ ।

३.७. विकास निर्माण सामाग्री ढुङ्गा गिटी र वालुवा आवस्यक परेको खण्डमा गाउालिकामा रहेका उद्योगहरुमा ा स्टक रहेको श्रोतवाट मात्रै संचालन गर्ने, तर खोला खहरेमा उत्खनन् नगर्ने,र निर्माण सामाग्री ढुवानी गर्ने सवारीले सामग्री ढुवानी गर्ने क्रममा सम्बन्धित सवारीको चालक र हेल्पर भन्दा थप अन्य व्यक्ति राख्न पाईने छैन र तोकिएको निर्माण सामग्री वाहेक अन्य सामाग्री ओसार पसार गर्न पनि पाईने छैन ।

३.८ यस गाउपालिकामा वर्षातको समयमा सामरी खोलाले सतह वढने भएको हुदा सामरी खोलामा नदि उत्खननको लागी गाउपालिकाले दिएको नदिजन्य पदार्थ उत्खनन दिएको ठेकदार मार्फत  जिल्ला कमाण्ड पोष्ट र जिल्ला समन्वय समितिलाई जानकारी गराई  उत्खनन कार्यको अनुमति लिइ उत्खनन कार्य गर्ने ।

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकान्चुली, मकवानपुर ३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

३.९ उत्खनन कार्य गर्नको लागी ठेकदारले तल्लो सामरीमा एउटा र माथिल्लो समरी खोलामा एउटा मा मेशिन प्रयोग गर्ने व्यवस्था मिलाउने तथा उत्खनित सामाग्री उद्योग ल्याउनको लागी दुवै तिर गरि ४ वटामात्र सवारी साधन प्रयोग गर्न स्वीकृत लिने ।

३.१० गाउपालिकाको गौरवको योजना रहेको सामरी खोलामा वेलिव्रीजनिर्माको लागी सामरी खोलामा एक्साभेटर प्रयोग गर्न स्वीकृत दिने र त्यस वाट निस्केको कच्चा पदार्थको नियमानुसार राजस्व तिरि ककसर जन्य उद्योगमा पठाउने व्यवस्थ गर्ने ।

३.११.निर्माण कार्यको प्राविधिक अनुगमन र सुपरीवेक्षण सम्बन्धित कार्यालयले गर्नु पर्नेछ र सोको लागि खटिने प्राविधिक र कर्मचारीको लागि आवश्यक पर्ने स्वास्थ्य सुरक्षाका सामग्रीको व्यवस्था गरी नियमित अनुगमन गर्ने ।

३.१२.मजदुर कामदारहरुलाई सम्बन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायीले नाम,थर,ठेगाना मोवाईल नंम्वर काम गर्ने स्थान र कायम रहने अवधि समेत खुलेको सामान्य परिचयपत्र उपलव्ध गराउनु पर्नेछ ।

**४. स्वास्थ्य सुरक्षा**

४.१.कृषि उपज, उद्योग सञ्चालन र विकास निर्माणसंग सम्बन्धित पक्षहरुले आफ्नो कार्य सञ्चालनमा अनिवार्य रुपमा नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षाका उपायहरु पूर्ण रुपमा अपनाउनुपर्नेछ ।

४.२.सम्बन्धित पक्षले कार्य स्थलमा नेपाल सरकारले तोकेको माप दण्ड अनुसार हातधुने सावुन, पानी ,स्यानिटाईजर,मास्क तथा सेफ्टि सामाग्रीहरुको अनिवार्य व्यवस्था मिलाउनु पर्नेछ । साथै सामाजिक तथा भौतिक दुरी हुने गरि कार्य सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

४.३ सबै कार्यमा संलग्न कर्मचारी, कामदारहरुको स्वास्थ्य जाँचको लागि आवश्यकता अनुसार कार्यस्थलबाट नजिक पर्ने वडामा रहेको स्वास्थ्य इकाइ संग समन्वय गर्नु पर्नेछ ।

**५. सहजीकरण र अनुगमन सम्बन्धी व्यवस्था**

५१.कृषि उपज, र विकास निर्माणका कार्यहरुमा माथि उल्लेखित व्यवस्था अनुसार भए नभएको अनुगमन र सहजीकरण गर्न वडा स्तरमा सम्बन्धित वडा अध्यक्षको संयोजकत्वमा वडा सदस्य सहित ३ सदस्यले अनुगमन गर्ने व्यवस्था गरिनेछ ।

५.२ स्थानीय तहभित्र सञ्चालनमा रहने विकास निर्माण र कृषि उपजको व्यवस्थापनका लागि गाउपालिका उपाध्यक्षको संयोजकमा रहेको गाउपालिका स्तरीय योजना अनुगमन समितिले अनुगमन तथा सहजिकरण गरिनेछ ।

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकान्चुली, मकवानपुर
३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

५.३ यो कार्यविधिको सम्बन्धित व्यक्ति, संस्था र तोकिएका पदाधिकारीले पालना गर्नुपर्नेछ । यसको पालना नगरी उलंघन गरेको पाईएमा कृषि उपज ढुवानी, उद्योग सञ्चालन र निर्माण कार्य रोक्न लगाई सवारी अनुमति पत्र रद्ध गरि प्रचलित कानुन वमोजिमम कार्यवाही समेत गरिनेछ ।

५.४.यो कार्यविधि मिति २०७७/०१/२० देखि लकडाउन अवधि भर मात्र लागु हुनेछ ।

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकान्चुली, मकवानपुर
३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत